"मीठे बच्चे– यो कल्याणकारी पुरुषोत्तम सङ्गमयुग हो , यसमा पुरानो दुनियाँ परिवर्तन भएर नयाँ हुन्छ। यस युगलाई तिमीले नबिर्स।"

प्रश्नः– बाबाले साना ठुला सबै बच्चाहरूलाई आफूसमान बनाउनको लागि एउटा प्रेमपूर्ण शिक्षा दिनुहुन्छ, त्यो कुनचाहिँ हो?

उत्तरः– मीठे बच्चे! अब गल्ती नगर। यहाँ तिमी आएका हौ नरबाट नारायण बन्न, त्यसैले दैवीगुण धारण गर। कसैलाई पनि दु:ख नदेऊ। यदि गल्ती गर्यौ भने अरूलाई दु:ख हुन्छ। बाबाले कहिल्यै पनि बच्चाहरूलाई दु:ख दिनुहुन्न, उहाँले तिमीलाई मार्गदर्शन दिनुहुन्छ– प्यारा बच्चाहरू! म एकलाई याद गर। योगी बन्यौ भने विकर्म विनाश हुन्छ। तिमी धेरै मीठो बन्छौ।

ओम् शान्ति। जुन बच्चाहरूले आफूलाई आत्मा सम्झेर, परमपिता परमात्मासँग योग लगाउँछन्, उनीहरूलाई सच्चा योगी भनिन्छ, किनकि बाबा सच्चा (ट्रुथ) हुनुहुन्छ नि! त्यसैले तिम्रो बुद्धियोग सत्यको साथमा छ। उहाँले जे कुरा सुनाउनु हुन्छ, त्यो सत्य नै हुन्छ। योगी र भोगी दुई प्रकारका मानिसहरू हुन्छन्। भोगी पनि अनेक प्रकारका हुन्छन्। योगी पनि अनेक प्रकारका हुन्छन्। तिम्रो योग त एकै प्रकारको हो। उनीहरूको संन्यास अलग्गै हो, तिम्रो संन्यास अलग्गै हो। तिमी हौ पुरुषोत्तम सङ्गमयुगका योगी। अरू कसैलाई पनि यो योगको विषयमा थाहै छैन– हामी पावन योगी हौं कि पतित भोगी हौं? यो पनि बच्चाहरूले जान्दैनन्। बाबाले त सबैलाई बच्चा-बच्चा भन्नुहुन्छ, किनकि बाबाले जान्नुहुन्छ– म आत्माहरूको बेहदको पिता हुँ। अनि तिमीले पनि यो जान्दछौ– आत्माहरू सबै आपसमा भाइ भाइ हौं। उहाँ हाम्रो पिता हुनुहुन्छ। बाबासँग योग लगाउनाले तिमी पवित्र बन्छौ। उनीहरू हुन् भोगी, तिमी हौ योगी। बाबाले तिमीलाई आफ्नो परिचय दिनुहुन्छ। यो पनि तिमीले जानेका छौ– यो पुरुषोत्तम सङ्गमयुग हो। यो कुरा तिमी बाहेक अरू कसैले जान्दैनन्। यसको नाम हो पुरुषोत्तम सङ्गमयुग, त्यसैले पुरुषोत्तम शब्दलाई कहिल्यै पनि नभुल। यो पुरुषोत्तम बन्ने युग हो। पुरुषोत्तम भनिन्छ उच्च र पवित्र मनुष्यलाई। उच्च र पवित्र यी लक्ष्मी-नारायण थिए। तिमीलाई अहिले समयको बारेमा पनि थाहा भएको छ। ५ हजार वर्षपछि यो दुनियाँ पुरानो हुन्छ। फेरि यसलाई नयाँ बनाउनको लागि बाबा आउनु हुन्छ। अहिले हामी हौं सङ्गमयुगी ब्राहमण कुलका। सर्वोच्च हुन् ब्रह्मा तर ब्रह्मालाई शरीरधारी देखाउँछन्। शिवबाबा त अशरीरी हुनुहुन्छ। बच्चाहरूले बुझेका छन्, अशरीरी र शरीरधारीको मिलन हुन्छ। उहाँलाई तिमीले भन्छौ बाबा। यो अनौठो पार्ट छ नि। यसको गायन पनि छ, मन्दिर पनि बन्छन्। कसैले कुन रीतिले कसैले कुन रीतिले रथलाई शृङ्गार गर्छन्। यो पनि बाबाले बताउनु भएको छ– धेरै जन्मको अन्त्यको जन्मको पनि अन्त्यमा मैले प्रवेश गर्छु। कति स्पष्टसँग सम्झाउनु हुन्छ, सबै भन्दा पहिला भगवानुवाच भन्नुपर्छ। फेरि मैले धेरै जन्मको अन्त्यमा सबै रहस्य बच्चाहरूलाई नै सम्झाउँछु, अरू कसैले बुझ्न पनि सक्दैन। तिमी बच्चाहरूले पनि कहिलेकाहीं बिर्सिन्छौ। पुरुषोत्तम शब्द लेख्नाले सम्झन्छन् यो पुरुषोत्तम युग नै कल्याणकारी युग हो। यदि युग याद भयो भने सम्झन्छन्– अहिले हामी नयाँ दुनियाँको लागि परिवर्तन भइरहेका छौं। नयाँ दुनियाँमा हुन्छन् नै देवताहरू। युगहरूको बारेमा अहिले तिमीलाई थाहा छ। बाबा सम्झाउनु हुन्छ– मीठे बच्चे! सङ्गमयुगलाई कहिल्यै पनि नबिर्स। यसलाई बिर्सिनाले सारा ज्ञान बिर्सिन्छ। तिमी बच्चाहरूले जानेका छौ अहिले हामी परिवर्तन भइरहेका छौं। अब पुरानो दुनियाँ पनि परिवर्तन भएर नयाँ हुनु छ। बाबा आएर दुनियाँलाई पनि परिवर्तन गर्नुहुन्छ, अनि बच्चाहरूलाई पनि परिवर्तन गर्नुहुन्छ। बच्चा-बच्चा त सबैलाई भनिन्छ। सारा दुनियाँका जति पनि आत्माहरू छन् ती सबै बच्चाहरू हुन्। सबैको पार्ट यस ड्रामामा छ। चक्रलाई पनि सिद्ध गर्नु छ। हरेकले आ-आफ्ना धर्म स्थापना गर्छन्। यो देवीदेवता धर्म बाबा बाहेक अरू कसैले पनि स्थापना गर्न सक्दैन। यो धर्म कुनै ब्रह्माले स्थापना गर्दैनन्। नयाँ दुनियाँमा हुन्छ देवीदेवता धर्म। पुरानो दुनियाँमा सबै मानिसहरू मात्रै छन्। नयाँ दुनियाँमा देवीदेवताहरू मात्रै हुन्छन्। देवताहरू पवित्र हुन्छन्। त्यहाँ स्वर्गमा रावण राज्य हुँदैन। बाबाले तिमी बच्चाहरूद्वारा रावणमाथि विजय प्राप्त गराउनु हुन्छ। रावणमाथि विजय प्राप्त गर्नासाथै रामराज्य आरम्भ हुन्छ। रामराज्य नयाँ दुनियाँलाई र रावणराज्य पुरानो दुनियाँलाई भनिन्छ। रामराज्य कसरी स्थापना हुन्छ– यो त तिमी बच्चाहरू बाहेक अरू कसैले जान्दैन। रचयिता बाबा बसेर तिमी बच्चाहरूलाई रचनाको रहस्य सम्झाउनु

हुन्छ। बाबा हुनुहुन्छ रचयिता, बीजरूप। बीजलाई भनिन्छ वृक्षपति। अब त्यो त जड बीज हो, त्यसलाई त यस्तो सम्झिइदैन। तिमीलाई थाहा छ बीजबाटै सारा वृक्ष निस्किन्छ। सारा विश्वको कति विशाल वृक्ष छ। त्यो हो जड, यो हो चैतन्य। सत्-चित-आनन्द स्वरूप, मनुष्य सृष्टिका बीजरूप बाबा हुनुहुन्छ, त्यसबाट कति विशाल वृक्ष निस्किन्छ। नमुना त सानो बनाउँछन्। मनुष्य सृष्टिको वृक्ष विशाल छ। सर्वोच्च बाबा ज्ञानका सागर हुनुहुन्छ। ती स्थूल वृक्षको ज्ञान धेरैलाई हुन्छ, यसको ज्ञान त एक बाबाले नै दिनुहुन्छ। अहिले बाबाले तिमीलाई हदको बुद्धि परिवर्तन गरेर बेहदको बुद्धि दिनु भएको छ। तिमीले यस बेहदको वृक्षलाई बुझेका छौ। यस वृक्षलाई कति विशाल आकाश प्राप्त भएको छ। बाबाले बच्चाहरूलाई बेहदमा लैजानुहुन्छ। अहिले सारा दुनियाँ नै पतित छ। सारा सृष्टि नै हिंसक छ। एक-अर्कालाई हिंसा गर्छन्। अहिले तिमी बच्चाहरूलाई ज्ञान मिलेको छ। अहिंसक केवल एउटै देवता धर्म हुन्छ सत्ययुगमा। सत्ययुगमा सबै पवित्र, सुख, शान्तिमा रहन्छन्। सबै मनोकामनाहरू २१ जन्मको लागि पूरा हुन्छन्। सत्ययुगमा कुनै कामना हुँदैन। अनाज आदि सबैकुरा अथाह प्राप्त हुन्छ। यो मुम्बई पहिला थिएन। देवताहरू नुनिलो सागरको किनारमा रहँदैनन्। स्वच्छ नदीहरू जहाँ हुन्छन्, त्यहाँ देवताहरू रहन्छन्। मनुष्य थोरै थिए, हरेकको लागि धेरै जमीन हुन्छ। सत्ययुगमा हुन्छ नै निर्विकारी दुनियाँ। तिमीले योगबलबाट विश्वको रजाइँ लिन्छौ। त्यसैलाई रामराज्य भनिन्छ। पहिला सुरुमा नयाँ बिरुवा धेरै सानो हुन्छ। पहिला फेदमा एक धर्म थियो। फेरि त्यसै फेदबाट तीनवटा हाँगा (ईस्लाम, बौद्धी, क्रिश्चियन) निस्किन्छन्। मुख्य फेद हो देवीदेवता धर्म। फेदबाट साना-साना हाँगाबिँगा निस्कन्छन्। अहिले त यस वृक्षका फेदै छैन अरू कुनै यस्तो वृक्ष हुँदैहुँदैन। यसको उदाहरण एक वरको वृक्षसँग ठ्याक्कै मिल्छ। वरको वृक्ष पूरै ठडिएको हुन्छ तर जरा हुँदैन। सुक्दा पनि सुक्दैन। पूरै हराभरा वृक्ष ठडिएको हुन्छ। तर देवीदेवता धर्मको फेद छैन। जरा त त्यही हो नि। रामराज्य अथवा देवीदेवता धर्म पनि जरामा नै आउँछ। बाबा भन्नुहुन्छ– मैले तीन धर्म स्थापना गर्छु। यी सबै कुरा तिमीले सङ्गमयुगी ब्राह्मणले नै जान्दछौ। तिमी ब्राह्मणहरूको छ सानो कुल। साना साना मठपन्थ निस्किन्छन्। अरविन्द आश्रम छ, कति छिटो छिटो बढ्दै जान्छ, किनकि त्यहाँ विकारको लागि कुनै प्रतिबन्ध हुँदैन। यहाँ बाबा भन्नुहुन्छ– काम महाशत्रु हो। त्यसमाथि विजय प्राप्त गर्नुपर्छ। यस्तो अरू कसैले भन्न सक्दैन। नत्र उनीहरूमा पनि द्वन्द्व हुने थियो। यहाँ त छन् नै पतित मनुष्य त्यसैले पावन बन्ने कुरा सुन्दैनन्। भन्छन् विकार विना कसरी बच्चा पैदा हुन्छ? ती बिचराहरूको पनि दोष छैन। गीतापाठ गर्नेहरूले पनि भन्छन् भगवानुवाच– काम महाशत्रु हो। त्यसलाई जित्नाले जगतजित बनिन्छ, तर बुझ्दैनन्। तिनीहरूले जब यी शब्द सुनाउँछन् तब उनीहरूलाई सम्झाउनु पर्छ। यस विषयमा बाबा भन्नुहुन्छ– जसरी हनुमान ढोकामा जुत्तामा बस्थे, बाबा पनि भन्नुहुन्छ– गएर छेउमा बसेर सुनेर आऊ। जब यी शब्द भन्छन् अनि सोध– यसको रहस्य के हो? जगतजित त यी देवताहरू थिए। देवता बन्नको लागि त यो विकारलाई छोड्नुपर्छ। यो पनि तिमीले भन्न सक्छौ। तिमीले नै जानेका छौ– अहिले रामराज्यको स्थापना भइरहेको छ। महावीर पनि तिमी हौ। यसमा डराउनु पर्ने कुनै कुरा छैन। धेरै प्यारसँग सोध्नुपर्छ– स्वामीजी, तपार्इंले बताउनुभयो– यी विकारमाथि विजय प्राप्त गरेपछि विश्वको मालिक बन्छौ तर तपार्इंले यो त बताउनु भएन पवित्र कसरी बनिन्छ? अहिले तिमी बच्चाहरू पवित्रतामा रहने महावीर हौ। महावीर नै विजयमालामा उनिन्छन्। मनुष्यहरूको कानले त झुटो कुरा सुन्ने आदत परेको छ। तिमीलाई अब झुटो कुरा सुन्न मन पर्दैन। सत्य कुरा तिम्रो कानलाई राम्रो लाग्छ। नराम्रो कुरा नसुन.... मनुष्यहरूलाई अवश्य पनि जगाउनु छ। भगवान भन्नुहुन्छ पवित्र बन। सत्ययुगमा सबै पवित्र देवीदेवताहरू थिए। अहिले सबै अपवित्र छन्। यस प्रकारले सम्झाउनु पर्छ। भन, हाम्रो पासमा यो सतसङ्ग हुन्छ, यसमा यो सम्झाइन्छ– काम महाशत्रु हो। अब पवित्र बन्न चाहनुहुन्छ भने एउटा युक्तिबाट बन्न सकिन्छ, आफूलाई आत्मा सम्झेर भाइ भाइको दृष्टि पक्का बनाउनुहोस्।

तिमी बच्चाहरूलाई थाहा छ– सबै भन्दा पहिला यो भारतवर्ष धेरै भरिपूर्ण खण्ड थियो, अहिले खाली भएका हुनाले हिन्दुस्तान नाम राखिदिएका छन्। पहिला भारतवर्ष धनदौलत, पवित्रता, सुख, शान्ति सबैबाट भरिपूर्ण थियो। अहिले दु:खबाट भरिपूर्ण छ। त्यसैले पुकार्छन्– हे दु:खहर्ता, सुखकर्ता...। तिमीले कति खुसीसँग बाबासँग पढ्छौ। यस्तो को होला जसले बेहदका बाबाबाट सुखको वर्सा नलियोस्! सबै भन्दा पहिला परमात्मा (अल्फ) का विषयमा सम्झाउनु छ। परमात्मालाई नजानेसम्म कुनै पनि रहस्य बुद्धिमा आउँदैन। बेहदका बाबा जसले बेहदको वर्सा दिनुहुन्छ भन्ने निश्चय भएपछि मात्र उन्नति हुन्छ। बच्चाहरूले बाबासँग कुनै पनि प्रश्न गर्नुपर्दैन। बाबा पतित-पावन हुनुहुन्छ, उहाँलाई नै तिमीले याद गर्छौ। तिमी उहाँको यादबाटै पवित्र बन्छौ। मलाई बोलाएको नै यसैको लागि हो। जीवनमुक्ति हुन्छ नै सेकेन्डमा। फेरि पनि यादको यात्राले समय लिन्छ। मुख्य यादको यात्रामा

नै विघ्नपर्छ। आधाकल्प देह अभिमानी रहेका हौ। अहिले एक जन्म देहीअभिमानी बन्नमा नै मेहनत छ। यिनको लागि पनि धेरै सहज छ। तिमीले बोलाउँछौ पनि बापदादा भनेर। यिनले पनि सम्झन्छन् बाबाको सवारी मेरो शिरमा भएको छ। उहाँको धेरै महिमा गर्छु, धेरै प्यार गर्छु– बाबा, हजुर कति मीठो हुनुहन्छ, हामीलाई कल्प कल्प कति सिकाउनु हुन्छ। फेरि आधा कल्प हजुरको याद पनि गर्दैनौं। अहिले त धेरै याद गर्छौं। हिजो हामीमा कुनै ज्ञान थिएन। जसको पूजा गर्दथ्यौं, हामी त्यही बन्नेछौं भन्ने कहाँ थाहा थियो र! अहिले त अचम्म लाग्छ। योगी बन्यौं भने फेरि यी देवीदेवता बन्नेछौं। मेरा पनि सबै बच्चाहरू हुन्। यहाँ बाबाले धेरै प्यारसँग बच्चाहरूलाई सम्हाल्नुहुन्छ, यिनीहरूको पालना गर्नुहुन्छ। यिनीहरू पनि म समान नरबाट नारायण बन्छन्। यहाँ तिमी आएकै यसैको लागि हो। कति सम्झाउँछु– प्यारा बच्चाहरू! बाबालाई याद गर, दैवीगुण धारण गर, खानपिनको ख्याल गर। गर्दैनौ भने सायद समय अझै बाँकी छ भन्ने सम्झने छु। केही न केही गल्ती त भइ नै रहन्छ। साना ठुला बच्चाहरूलाई प्यारसँग सम्झाउँछु– प्यारा बच्चाहरू! गल्ती नगर, कसैलाई पनि दु:ख नदेऊ। गल्ती गर्यौ अर्थात् दु:ख दियौ। बाबाले कहिल्यै पनि दु:ख दिनुहुन्न। उहाँले त मार्गदर्शन नै दिनुहुन्छ– म एकलाई याद गर्यौ भने विकर्म विनाश हुन्छ। धेरै मधुर बन्छौ। यस्तै मीठो बन्नु छ, दैवीगुण धारण गर्नु छ। पवित्र बन। यहाँ अपवित्रलाई आउने हुकुम छैन। कहिलेकाहीं आउन दिइन्छ। त्यो पनि अहिले। जब धेरै वृद्धि हुन्छ अनि भनिन्छ यो हो पवित्रताको टावर, शान्तिको टावर। उहाँ बाबा सर्वोच्च हुनुहुन्छ नि। आफूलाई आत्मा सम्झेर बाबाको यादमा रहनु– यो हो सर्वोच्च शक्ति। त्यहाँ धेरै शान्ति हुन्छ। आधा कल्प कुनै झगडा आदि हुँदैन। यहाँ कति झगडा आदि हुन्छ, शान्ति हुनै सक्दैन। शान्तिको धाम हो मूलवतन। फेरि शरीर धारण गरेर लौकिक भूमिका निर्वाह गर्न आउँदा त्यहाँ पनि शान्ति हुन्छ। आत्माको स्वधर्म नै शान्ति हो। अशान्ति गराउँछ रावणले। तिमीले शान्तिको शिक्षा पाइरहनेछौ। कोही रिसायो भने सबैलाई अशान्त बनाइदिन्छ। यो योगबलबाट तिम्रो सबै किचडा निस्कन्छ। पढाइबाट विकार निस्किदैन। यादबाट सबै किचडा भस्म हुन्छ। खिया निस्कन्छ। बाबा भन्नुहुन्छ– पहिला तिमीलाई शिक्षा दिएको थिएँ, के तिमीले बिर्स्यौ? ५ हजार वर्षको कुरा हो। उनीहरूले लाखौं वर्ष भनिदिएका छन्।

अहिले तिमीलाई झुटो र सत्यको फरक थाहा भएको छ। तिमीलाई बाबा नै आएर बताउनु हुन्छ, सत्य के हो? ज्ञान के हो, भक्ति के हो? भ्रष्टाचार र श्रेष्ठाचार केलाई भनिन्छ? भ्रष्टाचारी विकारबाट पैदा हुन्छन्। त्यहाँ स्वर्गमा विकार हुँदैन। तिमी स्वयंले भन्छौ– देवताहरू सम्पूर्ण निर्विकारी छन्। स्वर्गमा रावण नै हुँदैन। यो त सहजै बुझ्ने कुरा हो। फेरि के गर्नुपर्छ? एक त बाबालाई याद गर्नु छ, अर्को पवित्र अवश्य बन्नु छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) पवित्र बन्नको लागि महावीर बन्नु छ। यादको यात्राबाट भित्रको किचडा निकाल्नु छ। आफ्नो शान्त स्वधर्ममा स्थित रहनु छ, अशान्ति फैलाउनु छैन।

२) बाबाले जुन सत्य कुरा बताउनु हुन्छ त्यही सुन्नु छ। नराम्रो नसुन... असत्य कुरा नसुन। सबैलाई जगाउनु छ। पुरुषोत्तम युगमा पुरुषोत्तम बन्नु र बनाउनु छ।

वरदानः– आत्मिक शक्तिका आधारमा तनको शक्तिको अनुभव गर्ने सदा स्वस्थ भव

यो अलौकिक जीवनमा आत्मा र प्रकृति दुवैको तन्दुरुस्ती आवश्यक छ। जब आत्मा स्वस्थ हुन्छ तब तनको हिसाब-किसाब वा तनको रोग ठुलोबाट सानो बन्नुको कारण, स्व-स्थितिले गर्दा स्वस्थ अनुभव गर्छन्। उनीहरूको अनुहारमा बिमारीको कष्टको निसानी हुँदैन। कर्मभोगको वर्णनको सट्टा कर्मयोगको स्थितिको वर्णन गर्छन्। उनीहरूले परिवर्तनको शक्तिबाट कष्टलाई सन्तुष्टतामा परिवर्तन गरेर सन्तुष्ट रहन्छन् र सन्तुष्टताको लहर फैलाउँछन्।

स्लोगनः– दिलबाट, तनबाट, आपसी प्यारबाट सेवा गर्यौ भने सफलता अवश्य प्राप्त हुन्छ ।